एम्नेस्टी इन्टरनेसनल सदस्यहरूका लागि मात्र

सम्पूर्ण शाखा र संरचनाहरूका लागि

अन्तर्राष्ट्रिय कार्यकारी समिति (आईईसी) को तर्फबाट

मिति : १३ अगस्ट २००४ (२०६१ साउन २१ गते)

# स्वार्थको द्वन्द्व र कर्तव्यको द्वन्द्वसम्बन्धी नीति र नियमहरू

## सारांश

अन्तर्राष्ट्रिय कार्यकारी समिति (आईईसी) द्वारा स्वार्थको द्वन्द्व र कर्तव्यको द्वन्द्वको लागि नियमहरू अवलम्वन गरिएको छ। यी नियमहरूले आईईसी/एसजी प्रोटोकलमा रहेको स्वार्थको द्वन्द्वसम्बन्धी भागलाई प्रतिस्थापन गर्नेछन्। यी नियमहरू एम्नेस्टी अभियानको सबै तह र तप्कामा लागू हुनेछन्। यो नीतिलाई वि.सं. २०६१ असार ११ देखि १३ (सन् २००४ को २५ देखि २७ जुन) मा सम्पन्न भएको आईईसी बैठकमा आईईसी ५०-३ निर्णयबाट पारित गरिएको थियो।

## वितरण

यो परिपत्र सबै शाखा र संरचनाका अध्यक्ष र निर्देशकलाई पठाइएको छ।

## सिफारिश गरिएका कार्यहरू

कृपया निर्णय लिने सबै व्यक्तिहरूलाई यो दस्तावेज प्रदान गरिएको तथा शाखा र संरचनाका कार्यकारी समितिका सदस्य र कर्मचारीहरूको यस दस्तावेजमा पहूँच भएको सुनिश्चित गर्नुहोस्। साथै यस दस्तावेज आईईसी/एसजी प्रोटोकल (ओआरजी ७०/००१/२००४) को प्रतिलिपिमा पनि संलग्न गर्नुहोला।

## एम्नेस्टी इन्टरनेसनल

## स्वार्थको द्वन्द्व र कर्तव्यको द्वन्द्वसम्बन्धी नीति र नियमहरू

### परिचय

सन् २००१ (डाकार) आईसीएमको निर्णय १३ ले आफ्नै देशमा व्यक्तिगत मुद्दा र/वा अनुसन्धान कार्यको लागि कुनै एम्नेस्टी शाखाबाट प्राप्त हुन आएको अनुरोधलाई अस्वीकार गर्न सक्ने आधारहरूलाई समेत स्पष्ट रूपमा लिपिबद्ध गर्दै अन्तर्राष्ट्रिय कार्यसमिति (आईईसी) ले स्वार्थको द्वन्द्वका सवालमा एउटा आम नीति मस्यौदा गर्नुपर्ने निर्णय गरेको थियो। यो नीतिलाई जुन २००४ को आईईसी बैठकबाट पारित गरिएको हो।

### नीति

एम्नेस्टी इन्टरनेसनलको नीतिअनुसार प्रत्येक एम्नेस्टी इन्टरनेसनलका निर्णयकर्ताले स्वार्थ वा कर्तव्यको द्वन्द्व आउन सक्ने अवस्थामा नपर्न प्रयत्न गर्नुपर्ने हुन्छ र आफूलाई साँच्चैको द्वन्द्वको अवस्थामा पाएमा वा त्यस्तो द्वन्द्वको अवस्था रहेको आभास भएमा निर्णय प्रकृयाबाट पूर्णरूपमा बाहिरिनु पर्नेछ।

एम्नेस्टी इन्टरनेसनलको नीतिअनुसार सूचनाको स्वामित्व प्राप्त गरेका एम्नेस्टी इन्टरनेसनलका प्रत्येक निर्णयकर्ताले उक्त सूचनालाई कसरी प्रयोग गर्ने विषयमा साँच्चिकै स्वार्थ वा कर्तव्यको द्वन्द्व हुने वा त्यस्तो द्वन्द्व भएको मानिन सकिने अवस्थामा नपर्न प्रयत्न गर्नुपर्ने हुन्छ।

### परिभाषा

यस नीति र नियमको प्रयोजनका लागि एम्नेस्टी इन्टरनेसनलमा **निर्णयकर्ता** भन्नाले आईईसीको सदस्य वा कुनै शाखा, संरचना, विकेन्द्रीकृत इकाई वा अन्तर्राष्ट्रिय संजालको कार्यकारी समितिको सदस्य वा एम्नेस्टी इन्टरनेसनलको तर्फबाट करार सम्भौताहरूमा हस्ताक्षर गर्न, पैसा भुक्तानी गर्न वा कर्मचारी नियुक्ती वा बरखास्त गर्ने अधिकार प्राप्त कर्मचारी (तलबी वा बेतलबी) बुझिनेछ।

एम्नेस्टी इन्टरनेसनलको तर्फबाट काम गर्ने व्यक्तिले यदि उसको आफ्नो निर्णय वा उसँग भएको सूचनाको प्रयोगबाट उसको वित्तीय वा भौतिक स्वार्थलाई प्रत्यक्ष रूपमा असर पार्न सक्ने अवस्था भएमा वा उसले केही प्राप्त गर्ने वा गुमाउने कुरा निर्धारण हुन सक्ने भएमा उ **स्वार्थको द्वन्द्वमा रहेको** बुझिनेछ।

**उदाहरणहरू :**

- लिइएको निर्णयले गर्दा व्यक्तिको व्यवसायले काम प्राप्त गर्न सक्ने।
- लिइएको निर्णयले गर्दा व्यक्तिको व्यवसायले काम गुमाउन सक्ने।
- परिवारका सदस्य वा नजिकको मित्रलाई रोजगारी दिने निर्णय हुन सक्ने।
- उक्त निर्णयले यात्राको अवसर प्राप्त हुन सक्ने।
- उक्त निर्णयले आवासको लागि पैसा तिर्नुपर्ने वा नपर्ने निर्धारण हुन सक्ने।
- उक्त निर्णयको कारण निर्णयकर्ताले कर छल्न सक्ने।
- उक्त निर्णयका कारण निर्णयकर्ताले कुनै सामान सस्तो मूल्यमा किन्ने मौका पाउने।

एम्नेस्टी इन्टरनेसनलको तर्फबाट काम गर्ने व्यक्तिको निर्णय वा सूचनाको प्रयोगले आफूसँग सम्बन्ध रहेको अर्को व्यक्ति, संस्था वा संगठनलाई प्रभाव पर्न गई त्यस व्यक्ति, संस्था वा संगठनको सवोपरी हितमा कर्तव्य वा अपेक्षा सिर्जना हुने अवस्थालाई **कर्तव्यको द्वन्द्व** भनेर बुझिन्छ ।

**उदाहरणहरू** :

- उनीहरू एआईले करार सम्झौता गर्न लागिरहेको गैर नाफामूलक संस्थाका निर्देशक हुन् ।
- उनीहरू कोषका लागि एआईसँग प्रतिस्पर्धा गर्ने गैर नाफामूलक संस्थाका निर्देशक हुन् ।
- निर्णयबाट उनीहरूको परिवारको सदस्य प्रभावित हुन सक्ने ।
- उक्त व्यक्तिको प्रतिस्पर्धात्मक पेशागत कर्तव्य छ (जस्तै आफ्नो सूचनाको स्रोतलाई रक्षा गर्ने पत्रकारको कर्तव्य) ।
- उक्त व्यक्तिले आफू संलग्न कुनै निर्णयबाट लाभ पुग्न सक्ने व्यक्तिबाट ठूलो उपहार वा लाभ प्राप्त गरेका छन् ।
- उक्त व्यक्तिले कुनै मूल्यवान वस्तुको सट्टामा अनुकूल निर्णय गराइदिनका लागि सहजिकरण गरिदिने प्रस्ताव राखेका छन् ।
- एआईको स्वार्थ विपरीत काम गनुपर्ने हुन सक्ने गरी व्यक्तिको आफ्नो रोजगारदातासँगको दायित्व रहेको अवस्था (जस्तै व्यवसायिक वार्तालाप वा एआईसँगको करारको व्यवस्थापन) ।
- निर्णयकर्ताको विशेषता (जस्तै राष्ट्रियता, जातीयता, नागरिकता, वा सम्बद्धता) ले गर्दा कुनै विशेष अवस्थामा एआईको प्रतिनिधित्व गर्दा निष्पक्ष हुन नसक्ने देखिने अवस्था ।
- सार्वजनिक रूपमा एआईको प्रतिनिधित्व गर्ने कर्तव्य रहको व्यक्तिको अन्य कुनै संस्थाको पनि प्रतिनिधित्व गर्ने कर्तव्य रहेर दुवैको प्रतिनिधित्व गर्न खोज्दा एआईको सार्वजनिक छवि र विश्वसनीयतामा क्षति हुने ।

सम्बन्धित सबै निर्णयकर्ताहरूले सबैलाई समान रूपमा लागू हुने नीति निर्धारण गरी पारदर्शी र सर्वोत्तम स्वतन्त्र सल्लाहमा आधारित भएर निर्णय लिएको अवस्थामा **स्वार्थ वा कर्तव्यको द्वन्द्व भएको मानिने छैन** (राम्रो निर्णय लिनका लागि "एआईको छविको रक्षा गर्ने प्रबन्ध" हेर्नुहोस्, एफ्आईएन ३१/००५/०३) ।

**उदाहरण**

- कार्यकारी समितिको बैठकमा सहभागी हुँदा कार्यकारी समितिका सदस्यका लागि यात्रा र आवास खर्चसम्बन्धी नीति ।

**नियमहरू :**

१) विवादास्पद अवस्थामा रहेका निर्णयकर्ताले आफूलाई तुरुन्तै निर्णय प्रकृयाबाट अलग्याउनु पर्दछ ।

२) यथेस्ट रूपमा स्वार्थको द्वन्द्वको अवस्था रहेको मानिन सकिने निर्णयकर्ताले आफूलाई निर्णय प्रकृयाबाट अलग्याउनु पर्नेछ ।

३) जहाँ स्वार्थको द्वन्द्व छ वा कर्तव्यको द्वन्द्व छ भन्ने स्पष्ट छैन–

क) जबसम्म अवस्था सुल्झिदैन तबसम्म निर्णयकर्ताले निर्णय प्रकृयामा भाग लिन हुँदैन;

ख) निर्णयकर्ता कार्यकारी समिति वा अन्य समितिको सदस्य भएको खण्डमा द्वन्द्व भएको वा नभएको सम्बन्धमा निर्णय उक्त समिति वा कार्यकारी समितिका अन्य सदस्यले उक्त व्यक्तिको अनुपस्थितिमा गर्नेछन्,

ग) निर्णयकर्ता कुनै शाखा वा संरचनाको सबैभन्दा वरिष्ठ कर्मचारी भएको खण्डमा उक्त निर्णय कार्यकारी समितिले गर्नेछ;

घ) निर्णयकर्ता निर्देशक बाहेक अन्य कर्मचारी भएको खण्डमा उक्त निर्णय निर्देशकले लिनेछन् ।

४) उक्त निर्णय र पकृयालाई दस्तावेजीकरण गर्नुपर्दछ ।

५) आफू वा अन्य निर्णयकर्ता द्वन्द्वमा भएको हुन सक्ने अवस्थामा सम्बन्धित निकाय वा व्यक्तिलाई सोको बारेमा सूचित गर्ने सबै निर्णयकर्ताको कर्तव्य हो ।

६) यो नीति र यी नियमहरू एआईका अन्य नीति र प्रक्रियाहरूको अतिरिक्त हुन् र तिनको लागि पनि सहयोगी हुने छन् । निर्णयकर्ताहरूले कार्य सञ्चालन गरिरहेको देशको कानूनको अधिमा रहेर यी नीति, नियमहरू लागू हुनेछन् ।

**अन्य सान्दर्भिक दस्तावेज**

एआईको छवि रक्षा गर्ने प्रबन्ध एफ्आईएन २१/००५/०३